# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## मोहन्याल गाउँपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४८५

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,

मोहन्याल गाउँपालिका, कैलाली ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

............
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ४८६

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,
मोहन्याल गाउँ कार्यपालिकाको
कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ९३ लाख २२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६७ लाख ४३ हजार नियमित गर्नुपर्ने रु.१८ लाख ६ हजार र पेश्की बाँकी रु.१ करोड ९६ लाख ४६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।१२।२०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# मोहन्याल गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न मोहन्याल गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । मोहन्याल गाउँपालिका अन्तर्गत ७ वडा रहेको ३९ सभा सदस्य ६२६.९५ व.कि.मी. क्षेत्रफल, २२०५३ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–**आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १९३५२५८०.६६ | १ | **चालु खर्च** | | २६२८७७९९१.६ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | ११८५४७५१४.६ |
| | ख) बैंक | १९३५२५८०.६६ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७७७२१५००.७५ | ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | ५२७४०८१ | ० | ५ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ७२४४७४१९.७५ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | | ० | | ग) अन्य भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | २११३८६५५६.१६ | ६ | **लगानी** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ७२३०८१२९.१६ | ० | | ऋण लगानी | | ० |
| | ख) सशर्त अनुदान | १३९०७८४२७ | ० | | शेयर लगानी | | ० |
| | ग) समपूरक अनुदान अन्य | | ० | | अन्य लगानी | | ० |
| | घ) विशेष अनुदान | | ० | ७ | **धरौटी फिर्ता** | | ९३५००० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १३९७११६६.८९ | ८ | **को.ले.नि.का फिर्ता** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६३९५१६६.८९ | ० | ९ | **कोष खर्च** | | ० |
| | ख) सशर्त अनुदान | ० | ० | १० | **मौज्दात** | | १५८९५१०२.८ |
| | ग) समपूरक अनुदान अन्य | ७५७६००० | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | | ० | | ख) बैंक मौज्दात | १२५३१०१० | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ३८०६६० | | ग) धरौटी बाँकी | ३३६४०९२.८ | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | घ) कर्मचारी कल्याण कोष | | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | ङ) विपद् व्यवस्थापन कोष | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| ११ | **धरौटी आय** | | ४२९९०९२.८० | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | ७११४४०५२ | | | | ० |
| | **जम्मा** | | **३९८२५५६०९.२६** | | **जम्मा** | | **३९८२५५६०९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।११। १५ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु.६९८०० असुल गरी दाखिला भएको छ ।** | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको चालुतर्फको बजेट २०७५ अषाढ मसान्तभित्रै पारित भएको थियो भने पूँजीगत तर्फ २०७५ माघ २६ गते बजेट गाउँ सभाबाट पारित भएको छ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमान:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०२९५०००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.४१८६०३६।- अर्थात अनुमान भन्दा ५९.३४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २. | **खर्च गर्ने अख्तियारी:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आय:**<br>कार्यालयले यो वर्ष रु.४१८६०३६।- आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ७ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **नीति तथा कार्यकम कार्यान्यनः** गाउपालिकाले आ व २०७५।७६ को नीति तथा कार्यकम सभा समक्ष देहाय वमोजिम पेश भएको देखिन्छ ।<br>• *चुरे क्षेत्रको प्राकृतिक स्रोतको उपयोग जिवनस्तर उकास्ने काममा लगाउने*<br>• *सुकुम्वासी समस्याको दीगो समाधान खोज्ने*<br>• *वाढी पिडित समस्या समाधानमा तटवन्धलाई निर्माणको काम प्राथमीकता दिने*<br>• *खानेपानी तथा स्वास्थ्य सुविधामा पहुंच वृद्धि गर्ने*<br>• *गाऊपालिकाका १ देखि ७ न वडालाई सडक संञ्जालमा जोड्ने*<br>• *चिसापानी-खीमडी सम्म र्‍याफ्टीङ संञ्चालन गरी पर्यटन प्रवर्धन गर्ने*<br>*उपरोक्त नीति तथा कार्यकम मध्ये सडक संञ्जालनको सडक स्तरोन्नतीका कार्यकम कार्यान्वियनमा ल्याइएको , अन्य नीति तथा कार्यकम कार्यान्वियनमा आयन नसकेको अवस्था छ । सभाबाट पारीत नीति तथा कार्यकम गाउँ कार्यपालिकाले इमान्दारीताका साथ कार्यान्वियन गर्नु पर्दछ ।* | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>वजेट अवण्डा: विनियोजन ऐन २०७५ अनुसार गाउसभाले ३४ करोड ८६ लाख २६ हजार को आय व्यय विवरण पेश गरेकोमा चालु खर्च तर्फ १९ करोड १६ लाख २६ हजार,तथा पूजिगत तर्फ १५ करोड ७० लाख विनियोजन गरेको छ । तर यसरी विनियोजन भएको पूजिगत वजेट वडागत तथा गाउपालिका गत रुपमा प्रस्तावीत योजना लाई रकम समेत खुल्ने गरी विनियोजन नगरी क्षेत्रगत रुपमा प्रस्तावीत योजना लाई रकम समेत खुल्ने गरी विनियोजन नगरी क्षेत्रगत पूर्वाधार, वातावरण विपद , समपुरक भनि वजेट अवण्डा राखि १७ करोड विनीयोजन गरेको पछि यसरी वजेट सिमा तोकिएको क्षेत्रगत कार्यक्रम गाऊपालिकाको वैठकले निर्णय गर्ने गरी योजना तथा वजेट समेतको अधिकार दिएको देखियो । ऐन नियमावलीको सीमा वाहीर गएर अवण्डा वजेट राखी कार्यपालिकाको पटेक निर्णयका आधारमा कार्यक्रम खर्च गर्नु उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>१०.</td><td>चौमासिक निकासा: गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार चौमासिक निकासा देहायअनुसार रहेको छ:
<table>
<tr><th>चौमासिक खर्च</th><th>कूल खर्च रु</th><th>तेस्रो चौमासिक खर्च रु</th><th>अषाढ महिनाको खर्च रु</th></tr>
<tr><td>आन्तरीक श्रोत पूजिगत</td><td>३४०१००</td><td>३४०१००</td><td>३४०१००</td></tr>
<tr><td>राजश्व वाडफांड(संघ)</td><td>१८२४७३०७</td><td>१४५९२५३९</td><td>१३७९२५३९</td></tr>
<tr><td>राजश्व वाडफांड(प्रदेश)</td><td>२६५६७४०</td><td>२६५६७४०</td><td>२६५६७४०</td></tr>
<tr><td>वित्तिय समानीकरण(संघ)</td><td>७९५३६२००</td><td>५१७११७४६</td><td>४५०९२०४६</td></tr>
<tr><td>वित्तिय समानीकरण(प्रदेश)</td><td>६३९५१६६</td><td>६३९५१६६</td><td>५५५५७५७</td></tr>
<tr><td>सडक वोर्ड</td><td>३८००००</td><td>३८००००</td><td>३८००००</td></tr>
<tr><td>तराइ मधेस समृद्धि कार्यक्रम</td><td>३०००००</td><td>३०००००</td><td>३०००००</td></tr>
<tr><td>जम्मा</td><td>१०७८५५५१३</td><td>७६३७६२९१</td><td>६८११७१८२</td></tr>
</table>
उपरोक्त खर्चको विश्लेषण गर्दा कूल १० करोड ७८ लाख ५५ हजार कूल खर्च भएकोमा तेस्रो चौमासीकमा ७ करोड ६३ लाख ७६ हजार खर्च भएको छ । सो मध्ये अषाढ महिनामा ७ करोड १५ लाख ३७ हजार अर्थात ६६.३२ प्रतिशत अषाढको महिना को अन्त्यतिर खर्च भएको देखिन्छ । वर्षान्तमा अत्याधिक वजेट खर्च गर्ने प्रवृति नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>सशर्त अनुदान-<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.४६७९५० संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>४६७९५०</td></tr>
<tr><td>१२.</td><td>राजश्व अभिलेख :<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १३. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| १४. | **विभाज्य कोष :**<br>**सुदुरपश्चिम प्रदेशको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको दफा ४ बमोजिम स्**थानीय तहले उठाउने दस्तुर सम्वन्धीत स्थानीय तह र प्रदेश सरकारलाई ६० : ४० को अनुपातमा वाडफाड गनुपर्ने व्यवस्था छ । यस वर्ष प्राकृतिक स्रोत तथा अन्य दस्तुरको रुपमा रु २८७१५०० । प्राप्त गरेकोमा ४०% अर्थात रु ११४८६०० । प्रदेश कोषमा पठाउनु पर्दछ । कार्यलयले उक्त रकम हाल सम्म पनि प्रदेश कोष पठाएको देखिएन अतः अविलम्व प्रदेश कोषमा दाखिला गर्नुपर्ने देखिएको रु | ११४८६०० |
| १५. | **आय मिनाहाः** प्राकृतिक स्रोतवाट प्राप्त हुने गाउपालिकाको आय तर्फको ढुङ्गा गिट्टी वालुवा संकलनको ठेक्कामा विभिन्न ९ वटा साइट बाट संकलन गर्ने गरी वडिमालिका निर्माण सेवा संग २०७५।२६।७ मा रु ७६६६६६६। मा ठेक्का लगएकोमा राजश्व उठाउने वारे ८ मध्ये ५ वटा खोलामा विवाद भई ठेकेदारले कामगर्न नपाएको कारण निजसंग सम्झौता अनुसार मिती २०७५।१२।१ सम्म ढुङ्गा गिटीको कारोवार संञ्चालन गरे पश्चात ठेक्का तोडेको अवस्था देखियो । सो समय सम्म उठाएको राजश्व समेतको एकिन हिसाव समेत नवुझाई निजले तिर्नुपर्ने भनि गाऊपालिकाले एकिन गरेको रोयल्टी रकम रु ४७९५१९३। मिन्हा गरेको देखियो । अतः गाऊपालिकाको सवैभन्दा आकर्षक श्रोत नै मिन्हा गर्दिनाले यस प्रक्षेपण गरेको आन्तरीक आय समेत न्युन हुन गएको , साथै विवादित विषयलाई निरुपण गरी ठेक्का सूचारु गर्नुपर्नेमा संम्झौता अनुसारको आयलाई मिन्हा गर्ने, सो वापतको वैंक जमानत समेत फुकुवा गर्ने कार्य उपयुक्त देखिएन । यसरी स्थानीय सरकारको रोयल्टी वापतको रकम मिन्हा गर्न मिल्ने स्थानीय सरकार संञ्चालन ऐनमा व्यवस्था नभएको अवस्थामा गाउँ कार्यपालिकाको निर्णयबाट आय मिन्हा दिएका छ । जसबाट गाउँपालिकाको आयमा प्रभाव परेको छ । गाउँपालिकाको आकर्षक राजश्वको स्रोतको रुपमा रहेको ढुङ्गा, गिट्टी, बालुवाको संकलन सम्बन्धी ठेक्का प्रणाली व्यवस्थापन गर्न गाउँपालिकाले ठोस कानून तर्जुमा गरी कार्यान्वयन गर्न उपयुक्त देखिन्छ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १६. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी तलब खर्च लेखेको छ । | |
| १७. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १८. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ५५ रहे तापनि पदपूर्ति ९ रहेको देखियो । अधिकृत छैठौँसहित ४६ पद रिक्त रहेका छन् । तिमध्ये १३ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रवाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १९. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>• मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• *सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,* | |
| *२०.* | **संस्थागत प्रणाली विकासः**<br>१) गाऊपालिकाले वडागत रुपमा दिने कार्यसंञ्चालन वापतको पेश्की वडाध्यक्षहरुलाई नै दिने गरेको देखियो । उक्त रकमबाट वडाध्यक्षहरुले कार्यालय सामाग्री खरिद ,मोटरसाईकल सर्भिसिङ गर्न गएको जस्ता विवरणहरुका आधारमा भ्रमण खर्च भरि खर्च गर्ने गरेको देखियो । नितीगत र व्यवस्थापकिय हैसियतमा वसी कार्यप्रणली विकास गनुपर्नेमा पदाधिकरीहरु नै मनोगत आधारमा तजविजी रुपमा एकल कार्यकारी अधिकार प्रयोगले प्रणली विकास र संस्थागत क्षमता विकासमा प्रत्यक्ष नकरात्मक असर पर्ने देखिन्छ । अत आर्थिक र प्रशासनिक क्षमता विकासका लागि गाऊ कार्यपालिका तथा सभाले उचित निर्णय लिनुपर्ने देखिन्छ ।<br>२) आम नागरिकहरुलाई आर्थिक सहायता प्रदान गर्ने सम्वन्धमा वडाध्यक्षहरुलाई नै तजविजी अधिकार प्रदान गरेको देखियो । कार्यपालिका तथा सभामा आर्थिक सहायता सम्वन्धमा निर्णय गरी सहायता प्रदान गनुपर्नेमा सो भएको देखिएन । अतः आगामी दिनमा आर्थिक सहायता प्रदान गर्ने विधि वा मार्ग दर्शन निर्माण गरी सोही आधारमा कार्यपालिकाको निर्णयका आधारमा मात्र यस्तो सहायता प्रदान गर्नुपर्ने देखिन्छ ।<br>३)गाऊपालिकाका पदाधिकारीहरुले कार्यपालिका तथा वडा वैठकमा उपस्थित भए वापत यातायात खर्च लिने गरेको देखियो । वैठकमा उपस्थित भए वापत यातायात खर्च पाउने सम्वन्धमा स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा तथा अन्य नितीगत निर्णयमा कुनै व्यवस्था रहेको देखिदैन । यसरी नियम विपरित हुने गरी लिएको सुविधा अविलम्व फिर्ता गरी आगामी दिनमा सो सुविधा रोक्ने सम्वन्धमा कार्यपालिका तथा सभाले उचित निर्णय लिनुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | **संञ्चार खर्चः** कार्यालयले खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको रिचार्ज कार्ड वापतको खर्च रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई गरेको खर्च रकम असुल हुनुपर्ने रु. | १९५०० |

| गो.भौ.नं./मिति | विल /रकम |
|---|---|
| ३१/२०७५/७/२० | ७५०० |
| ६१/२०७५/९/५ | १०००० |
| ४५३/२०७६/३/२६ | २००० |
| | १९५०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | **रसिद नियन्त्रण प्रणाली :** कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| २३. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११ करोड ८५ लाख४७ हजार पूँजीगत खर्च/खरिद नि र्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २४. | ***सवारी साधन खरिदको विवरण** : गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः* | |

| क्र.सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | १ | | गा.पा. अध्यक्ष | |
| २ | मोटरसाइकल | ९ | | वडाध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ.समेत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | ***सेवाप्रवाहको स्थिति :*** *गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :* | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | पेशनभएको |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | |
| | ***पञ्जिकरण तर्फ*** | |
| ७ | *जन्मदर्ता* | |
| ८ | *मृत्यू दर्ता* | |
| ९ | *बसाईसराई दर्ता* | |
| १० | *बिबाहदर्ता* | |
| ११ | *सम्बन्ध विच्छेद दर्ता* | |
| | ***अन्य सिफारिस*** | |
| १२ | *घरबाटो सिफारिस* | |
| १३ | *नागरिकता सिफारिस* | |
| १४ | *नाता प्रमाणित* | |
| | ***पूर्वाधार विकास सडक निर्माण*** | |
| १५ | *कालोपत्रे सडक निर्माण* | |
| १६ | *कालोपत्रे सडक मर्मत* | |
| १७ | *ग्राभेल सडक निर्माण* | |
| १८ | *ग्राभेल सडक मर्मत* | |

*स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहको तथ्यांक लेखापरीक्षणको क्रममा पेश नभएकाले सेवा प्रवाहको सम्बन्धमा यकिन गर्न सकिएन ।*

२६. ***कानून निर्माण र कार्यान्वयन :***

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :*

| ***सि.नं.*** | ***कानूनको नाम*** |
|---|---|
| १. | *आर्थिक ऐन,२०७५* |
| २. | *विनियोजन ऐन, २०७५* |
| ३. | *प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५* |
| ४. | *पदाधिकारी सेवा सुविधासम्बन्धी ऐन, २०७५* |
| ५. | *पदाधिकारी आचार संहिता ऐन, २०७४* |
| ६. | *गाउँ सभा सञ्चालन कार्यविधि, २०७४* |
| ७. | *जलचर संरक्षण ऐन, २०७६* |
| ८. | *उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६* |
| ९. | *आकस्मिक विपद् व्यवस्थापन निर्देशिका कार्यविधि, २०७५* |
| १०. | *सहकारी ऐन, २०७५* |
| ११. | *अपाङ्गता सम्बन्धी कार्यविधि, २०७५* |

२७. ***कल्याण कोष*** *:*

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने ब्यवस्था*

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>छ । सो व्यबस्था अनुसार यस गाउँपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याण कोष खातामा ल्याएको पाइएन । स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा आफ्नो गाउँपालिकाभित्रका कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>न्यायिक समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा कुनैपनि मुद्दा दायर हुन नआएको कार्यालयले जानकारी दिएको छ । गाउँपालिकाले न्यायिक समितिको सम्बन्धमा जनचेतना बृद्धि गरी विवाद समाधानको लागि न्यायिक समितिलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विबवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु. ४३८१२००/- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ७ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २४ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३००००</td><td>२५०००</td><td>२००००</td><td>८०००</td><td>५०००</td><td>४३५६००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>११००</td><td>१०००</td><td></td><td></td><td></td><td>२५२००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>४३८१२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बढी संचार खर्च रु.१७४०००।- , मासिक अनुगमन भत्ता रु.८७००००।- , यातायात खर्च रु.४९२०००।-, खाजा खर्च रु.१५००००।- सहित जम्मा रु.१६८६०००।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.</td><td>१६८६०००</td></tr>
<tr><td>३१.</td><td>पदाधिकारी अतिरिक्त सुविधाः<br>पदाधिकरीले विशेष कर्मचारीका रुपमा करार गरी सो सुविधा पाउने व्यवस्था रहेको छैन । यसरी नियम विपरित भुक्तानी भएको पदाधिकारी सुविधा वापतको रकम असुल दाखिला हुनुपर्ने रु
<table>
<tr><th>प्रयोजन</th><th>रकम रु</th><th>कर कट्टी रु</th><th>खुद भुक्तानी रु</th></tr>
<tr><td>प्रेस सल्लाहकार लिलाराज शाहिको पारिश्रमिक तथा संञ्चार खर्च वापतको वार्षिक भुक्तानी</td><td>२४००००</td><td>२४००</td><td>२३७६००</td></tr>
</table></td><td>३४४५२०</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>उपाध्यक्ष सहयोगी वम वहादुर मगर तलव</td><td>१०८०००</td><td>१०८०</td><td>१०६९२०</td></tr><tr><td colspan="3">जम्मा</td><td>३४४५२०</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
<tr><td>३२.</td><td>योजना र कार्यान्वयनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>लक्ष्य प्रगतिको स्थितिः<br><br>गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>सभाको निर्णय कार्यान्वयन-<br>गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वियन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>उपभोक्ता समिति छनौट -<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३७. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३८. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३९. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४०. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४१. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>यस वर्ष रु २६८५०४७५।९१ वजेट खर्च गरी राष्ट्रपति चुरे समृद्ध मधेस कार्यक्रमका निम्नानुसार तटवन्ध निर्माणका कार्यहरु दरभाउपत्र द्धारा कार्यन्वयन गरेको विवरण पेश भएको छ ।
<table>
<tr><th>ठेक्का न</th><th>कामको विवरण</th><th>ल ई</th><th>सम्झौता रकम( भ्याट समेत)</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td>1/2075/76</td><td>Consrtruction work of gabin check dam kandra khola</td><td>६८९८६३९.८६</td><td>५८४४८१७</td><td>५७९२८७७</td></tr>
<tr><td>2/2075/076</td><td>Construction work-pokhari</td><td>२१५५०३६</td><td></td><td></td></tr>
<tr><td>3/2075/076</td><td>गल्छी पहिरो खहरे नियन्त्रण</td><td>५१७५२१४</td><td>५७९४५२३</td><td>५७७७१४३९</td></tr>
<tr><td>4/2075/076</td><td>Check dam gabin सुर्मा ५</td><td>५१७२४०४</td><td>५८३४८६७</td><td>५७९२२७७</td></tr>
<tr><td>5/2075/076</td><td>पोखरी निर्माण सूर्मा ५</td><td>२१५५०३५</td><td>२४२५९६३</td><td>२४३५३९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.</td><td>फलाटेगैरा -कटौजे खनीया ताल वाटो मर्मत उपभोक्ता समिती संग ३६००२५४।२५ को ल ई स्वीकृत ल इ स्वीकृत भई ३३ लाख अनुदान व्यहोर्ने गरी सम्झौता भएकोमा अन्तिम रनिङ विल रु ३६१५१३५। मूल्यांकन भई रु ३३ लाख भुक्तानी गर्दा मेशिनद्धारा सडकको काम भएकोमा विल संलग्न गरेको छैन । साथै मेशिनको भुक्तानीमा आयकर ऐन २०५८ दफा ८९ अनुसार १० प्रतिशत वहाल कर कट्टी गर्नुपर्नेमा सो पनि कट्टी गरेको देखिएन । साथै landslide clearance को काममा eavation of hard soil भनि लगत इष्टिमेटमा पहिरो पन्छाउने कार्यको rate analysis अनुसार को दर प्रति $cm^2$ ७०।</td><td>२२६८४८</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रहेकोमा ९५। को दरमा ११३४२.४० घ मि hard soil clearance गरेको भनि स्वीकृत दररेट फरक पारी वढी भुक्तानी भएको रु</td><td></td></tr>
<tr><td>४४.</td><td>तल्लो रुइनेकोट सौर्यउर्जा सि यो उपभोक्ता समितीको पेश्की फछ्र्यौट गरी अन्तिम विल भुक्तानी गर्दा कूल विल रकम रु १९०४०७४।२९ मध्ये मोविलाइजेशन पेश्की रु ७२००००। कट्टी गर्दा दिनुपर्ने भुक्तानी रकम रु ११८४०७४।२९ मध्ये उपभोक्ता समिती संगको सम्झौता अनुसार अनुदान दिनुपर्ने रु १० लाख तथा उपभोक्ताले व्यहोर्नु पर्ने रु १८४०७४।२९ को रनिङ विल स्वीकृत भएकोमा कार्यालयबाट रु १० लाख भुक्तानी दिनुपर्ने देखिएकोमा रु १५ लाख भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु</td><td>५०००००</td></tr>
<tr><td>४५.</td><td>सुगरखाला सौर्य उर्जा मिनिग्रेड आयोजनाको स्वीकृत लगत अनुमान ३६५४७६८०। मध्ये १०% रकम गाउपालिकाले समपुरक अनुदानबाट व्यहोर्ने निर्णय गरी उक्त आयोजनाको कूल लागतको १०% ले हुने रकम वैकल्पीक उर्जा केन्द्रलाई उपलब्ध गराउने भनि आयोजनाको खातामा रु ३६५४७६८। निकासा अनुदान पठाएकोमा उक्त रकम खर्च भएको प्रमाण संम्वन्धित आयोजना बाट पेश भएको देखिएन । उक्त निकासा रकम खर्च भएको प्रमाण पेश हुनु पर्दछ ।</td><td>३६५४७६८</td></tr>
<tr><td>४६.</td><td>निर्माण सामाग्री मौज्दातः<br>कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिद गरेको छ । यसरी सामग्री खरिद गर्नुपूर्व स्वीकृत लागत अनुमान अनुसार प्रयोग हुने योजनासमेत निश्चित गर्नुपर्नेमा निर्माण सामग्री मात्र सिधै खरिद गरेको देखियो । यसरी कार्यक्रम वेगर खरिद भएका रु. ६२५४१८ मूल्यका निर्माण सामान प्राविधिकबाट नापी कितावमा खर्च जनाई योजनाको बिल अनुसार जिन्सीबाट यस्ता सामान खर्च घटाउनु पर्नेमा उक्त सामानहरु जिन्सीमा मौज्दात समेत नदेखिएकाले खरिद गरेका सामानहरु हिनामिना हुने स्थिति देखियो । यसरी खरिद भएका परिमाणका निर्माण सामग्रीहरु कहाँ कुन अवस्थामा छन्, यकिन गरी आगामी वर्षको कार्यक्रममा उपयोग गरी खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गो भौ न । मिती</th><th>संस्था</th><th>सामाग्री</th><th>रकम भुक्तानी</th></tr>
<tr><td>१५०/२०७६/३/३१</td><td>न्यू श्रेष्ठ मेशिन कर्न्सन</td><td>Hdp pipe 32/6kg-273m</td><td>४९५४३४</td></tr>
<tr><td rowspan="2">१३७/२०७६/३/२७</td><td rowspan="2">सिमलवास वडा न ५</td><td>Hdp pipe 20/10kg-2500m</td><td rowspan="2">१२९९८४</td></tr>
<tr><td>Hdp pipe 32/6kg-622m</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६२५४१८</td></tr>
</table></td><td>६२५४१८</td></tr>
<tr><td>४७.</td><td>श्री न्यू श्रेष्ठ मेशिनरी कर्न्सनबाट 35mm$^2$को सर्भ सिवल केवल १५० मिटर प्रति मिटर रु २४००। ले हुने रु ३७५०००। तथा ढुवानी रु २०००००। समेत ३९५०००। तथा सो मा लाग्ने मु अ कर रु ५१३५०। समेत ४४६३५०। खर्च लेखेकोमा उक्त केवल खर्च भएको विल पेश नभएको साथै स्टोरमा मौज्दात समेत नदेखिएकोले सामान खर्च भएको आधिकारीक प्रमाण पेश हुनुपर्ने रु</td><td>४४६३५०</td></tr>
<tr><td>४८.</td><td>फलाटे गौडा कटैजे खनीयाताल मोटरवाटो सफाई उ स संग उक्त वाटो मर्मत पहिरो पन्छाउने</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लगाएतका कार्यको Abstact of cost को रु ४५००००। को विवरणका आधारमा संम्फौता भएकोमा निवेदनका आधारमा रु ३८००००। भुक्तानी भएको देखियो । सम्पन्न कार्यको उपभोक्ताको रनिङ विल नापी किताव कार्यसम्पन्न प्रतिवेदन वेगर खर्च लेखेको रु</td><td>३८००००</td></tr>
<tr><td>४९.</td><td>सर्भे परामर्श खर्चः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । परामर्शदाताले तयार गरेको सर्वे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्याङ्कन हुने Draft Report मा सुझावसहित प्रतिवेदन अन्तिम रुप दिने गरेको समेत देखिएन । यसरी तयार गरेका प्रतिवेदनलाई गाउँ सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।<br><br>
<table>
<tr><th>गो भौ न । मिती</th><th>परामर्शदाता</th><th>कार्यक्रम</th><th>भुक्तानी</th></tr>
<tr><td>७/२०७६/३/२३</td><td>एम एच इन्जिनीयरि</td><td>तालवन्द कटौजे रेजगडा सडक को डि पि आर-२० कि मी</td><td>१६७८६७१</td></tr>
<tr><td>५/२०७६/२/२२</td><td>इात्रा इन्जिनीयरीङ सर्भिसेज</td><td>चोसेकाडा सडक खण्ड EIA</td><td>४९५८२१</td></tr>
<tr><td>३/२०७५/१२/४</td><td>आर टि एस इन्जिनीयरिङ कन्सल्टेन्सी</td><td>चिसापानी कुइने सडक डि पि आर</td><td>८३९४०९</td></tr>
<tr><td>१२/२०७६/३/२६</td><td>सिभिल रिसर्च इन्स्टियूच</td><td>Cannal base, pipeline basebsolar base गरी १०० वटा योजनाको pre feazibilty study</td><td>४५३११३०</td></tr>
<tr><td>११/२०७६/३/२६</td><td>आइटिस इन्जिनीयरीङ कन्सल्ट प्रा लि</td><td>वसन्ता-चायामावर रिडोड सेती राजमार्गको झोर चौतारी सम्मको डि पि आर</td><td>४२३७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>प्रमाण वेगर खर्चः</td><td>१५०००</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा कार्यालयले गो भौ न ३१०।२०७५।१२।६ बाट पदम राज शर्मालाई कार्यक्रम खर्च वापत रु १५०००। भुक्तानी भएको छ । उक्त रकमको खर्च प्रमाण पेश हुन सकेन अतः सम्वन्धितबाट असुल दाखिला हुनुपर्ने देखिएको रु | |
| ५१. | **बर्षान्तमा रकमान्तरः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । गाउँपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग कार्यान्वयन सम्झौता नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यापालिकाले पटके निर्णयबाट तपसिलबमोजिम रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |

| गाउँ सभाबाट पारीत योजना | वजेट | रकमान्तर गरेका योजना | वजेट रु |
|---|---|---|---|
| Buildon लाइ साझेदारीमा पूर्वाधार निर्माण | २० लाख | १ भृकुटी मा वि अनुदान | ४००००० |
| | | २ मोहन्याल मा वि अनुदान | ४००००० |
| | | ३ राष्ट्रिय आ मा वि अनुदान | ४००००० |
| | | ४ त्रिवेणी मा वि अनुदान | ४००००० |
| | | ५ जनजागृती मा वि अनुदान | ४००००० |
| भैपरी आउने पूजिगत | १० लाख | १ जनजागृती प्रा वि खानेपानी | १००००० |
| | | २ कर्णाली प्रा वि रागामलेख | १००००० |
| | | ३) फल्ले विसौना ग्रा स | ४००००० |
| | | ४) म्ष्टामण्डली आ वि | २००००० |
| | | ५) अरनिको आ वि | २००००० |
| जुम्लीवडा सिंचाई टंकी निर्माण | २००००० | खनिकोट सिंचाई | २००००० |
| वासगडी खानेपानी | ५०००० | तोडेगड खानेपानी | ५०००० |
| | | | ३२५०००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**<br>**क**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**ख**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो भौ न । मिती | कार्यक्रम | व्यवसायी | विल रकम रु | भ्याट रु |
|---|---|---|---|---|
| ७/२०७६/३/२६ राजश्व वाडफाड | विर्खेत घम्कोट मोटर वाटो मर्मत कार्य उ स | श्री पृथ्वी कष्ट्रक्सन( ६००१९१४३५) | ४५८६६७ | ५२७६७ |
| ४/२०७६/१२/४ राष्ट्रपति चुरे | वाका चलाली-कूइने सडक सफाई कार्य | विश्वविनायक कष्ट्रक्सन , काठमाडौ | १२५०२३ | १६२५३ |

*५३.* **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ ।

(क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.३४२९७२००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>सामाजिक सुरक्षा भत्ताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । गाउँपालिकाको निम्न वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा दोहोरो पारि तथा बुझाएको भरपाई वेगर पनि भत्ता वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको तथा भरपाई वेगरको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्दछ रु.
<table>
<tr><th>वडा नं.</th><th>नाम</th><th>लक्षित समूह</th><th>रकम</th><th>चौमासिक</th><th>कैफियत</th></tr>
<tr><td>७</td><td>नरपति सुनार</td><td>जे ना</td><td>४०००</td><td>प्रथम</td><td>भरपाई वेगर खर्च</td></tr>
<tr><td>७</td><td>गंगाकुमारी माझी</td><td>विधवा</td><td>४०००</td><td>प्रथम</td><td>भरपाई वेगर खर्च</td></tr>
<tr><td>५</td><td>अमरिता सार्की</td><td>दलित</td><td>४०००</td><td>तेस्रो</td><td>दोहोरो परेको</td></tr>
<tr><td>५</td><td>खगिदेवी घर्ति मगर</td><td>विधवा</td><td>४०००</td><td>तेस्रो</td><td>दोहोरो परेको</td></tr>
<tr><td>५</td><td>हरिकला देवि मगर</td><td>विधवा</td><td>४०००</td><td>तेस्रो</td><td>दोहोरो परेको</td></tr>
<tr><td>६</td><td>जवादेवि जैशी</td><td>जे ना</td><td>८०००</td><td>दोस्रो</td><td>दोहोरो परेको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६०००</td><td></td><td></td></tr>
</table></td><td>३६०००</td></tr>
<tr><td>५५.</td><td>वर्षान्तमा पेश्कीः प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ ले वर्षान्तमा फछ्र्यौट नहुने गरी वहुवर्षिय ठेक्का वाहेकमा पेश्की दिन नमिल्ने उल्लेख छ भएकोमा गाउपालिकाले वर्षान्तमा निम्नानुसारका पेश्की दिएको तर वर्षान्तमा फछ्र्यौट भई नसकेकोले नियमावलीको व्यवस्था विपरीत पेश्की दिएको
<table>
<tr><th>गो भौ न । मिती</th><th>पेश्की लिने</th><th>पेश्की प्रयोजन</th><th>रकम रु</th></tr>
<tr><td>१५२/२०७६/३/३१</td><td>जगुराम चौधरीलाई दिएको पेश्की( वर्षान्तमा TADA र २ पटक मोटर भाडाको विल राखि पे फ गरेकोमा शिर्षक फरक पारी गरेको खर्च पुनः पेश्की कायम गरिएको )</td><td>ढुवानी पेश्की</td><td>१२००००</td></tr>
</table></td><td>१२००००</td></tr>
<tr><td>५६.</td><td>पेश्की :<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **पेश्की फर्छ्यौटः**<br>पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु. | १९६४६४९६ |

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७५/१०/१० | ए.इ.पि.सी./ सासेक इक्विटी | ३६५४७६८ | |
| २. | २०७५/११/२७ | चुरे वातावरण तथा जैविक | ३५०००० | |
| ३. | २०७५/१२/४ | कालिका मा.वि. मोहन्याल ६ | ४००००० | |
| ४. | २०७५/१२/४ | रा.मा.वि. मोहन्याल ६ सोल्टा | ४००००० | |
| ५. | २०७६/२/९ | मोहन्याल प्राथमिक विद्यालय | ३५०००० | |
| ६. | २०७६/३/२० | श्री जनता आधारभुत | ४००००० | |
| ७. | २०७६/३/२५ | अपाङ्ग मानव अधिकार | ६३१२८ | |
| ८. | २०७६/३/३१ | सोल्टा चिसापानी ज्याप्टिङ | ५००००० | |
| ९. | २०७५/४/१ | महादेव, खिम्ती, स्वाँर, रुद्रवती जे.भी. | २५७०००० | |
| १०. | २०७५/४/१ | कञ्चनजंगा कन्स्ट्रक्सन | ४५९१००० | |
| ११. | २०७६/३/२६ | श्री लालमणि बोहराको घर | ९५००० | |
| १२. | २०७६/३/२६ | मोहन्याल मन्दिर गजुर | १९०००० | |
| १३. | २०७६/३/२६ | पिटमारी बोरिङ नि.उ.स. | ३८०००० | |
| १४. | २०७५/६/२६ | ओखरबोट सिंचाई योजना वडा नं. ७ | २८०००० | |
| १५. | २०७५/१२/६ | सोल्टा चिसापानी ज्याप्टिङ वडा नं. ६ | १०००००० | |
| १६. | २०७६/२/६ | श्री अरनिको राष्ट्रिय विद्यालय | ६००००० | |
| १७. | २०७६/२/६ | श्री कालिका माध्यामिक विद्यालय | ५५०००० | |
| १८. | २०७६/२/१० | श्री राष्ट्रिय मा.वि. | ७५०००० | |
| १९. | २०७६/२/१० | श्री नवदुर्गा राष्ट्रिय विद्यालय | ७५०००० | |
| २०. | २०७६/२/३० | श्री मष्टावण्डाली आ.वि. | ६००००० | |
| २१. | २०७६/३/१७ | श्री घोडालंगे आ.वि. | ४००००० | |
| २२. | २०७६/३/२६ | श्री सुगरखाल सामूदायिक | ३२५६०० | |
| २३. | २०७६/२/१० | स्वा.सं. दीपेन्द्र बुढा | २५५००० | |
| २४. | २०७६/३/२६ | स्वा.सं. दीपेन्द्र बुढा | १९२००० | |
| | | जम्मा | **१९६४६४९६** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछर्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछर्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार बेरुजु कायम गरिएको छ ।** | |
| *५७.* | **गो.भौ.नं. २९, २०७६।३।२६** सुनपाल रा. प्राविधिक विद्यालय मोहन्याल ३ लाई विद्यालय घेरावार वापत भुक्तानी रु.१०००००।- भएकोमा ९५०००।- को मात्र विल संलग्न भएकाले बढी भुक्तानी भएको रु. | ५००० |
| *५८.* | **गो.भौ.नं. ४३१, २०७६।३।२४** शुन्य दरवन्दी र बालविकास अनुदान वापत विद्यालयहरुलाई अनुदान रु.६१२१०००।- निकासा भएकोमा गा.पा.को निर्णय र पुष्ट्याँई हुने कागजात पेश नभएको । | |

**अनुसूची १**

## मोहन्याल गाउँपालिकाको संचित कोष विवरण
**२०७५।७६**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूर्जीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | मोहन्याल गाउँपालिका | कैलाली | १९३५३ | ७८७०३ | १४६६५४ | १५३५४६ | ३७८९०३ | २६२८७८ | ११८५४८ | ९३५ | ३८२३६१ | १५८९५ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
**२०७५।७६**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | मोहन्याल गाउँपालिका | ४२ | १६ | २९३२२ | ० | ० | ० | ४२ | १६ | २९३२२ | ११२७ | १८०६ | ६७४३ | ० | ० | ८५४९ | १२० | १९५२६ | १९६४६ |

**अनुसूची-३**

## अद्यावधिक बेरुजू स्थिति
**२०७५।७६**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोहन्याल गाउँपालिका | कैलाली | २८५९५ | ० | २८५९५ | ० | २९३२२ | ५७९१७ |